प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय

# सार्वजनिक निर्माण कार्यान्वयन इकाइ

## बागमती प्रदेश

भैसेपाटी, काभ्रेपलान्चोक

फोन नं- ०११६६१४९२ Gmail- picukavre@gmail.com

**सार्वजनिक निर्माण कार्यान्वयन इकाइ भैसेपाटी, काभ्रेपलान्चोकको सामुदायिक क्याम्पसको भौतिक सवलिकरण अनुदानको प्रस्ताव आह्वानको सूचना।**

प्रथम पटक प्रकाशित मिति २०७९/०७/१७

यस इकाइको आ.व. २०७९/०८० को कार्यक्रम अख्तियारीमा व्यवस्था भए बमोजिम यस इकाइ अन्तरगतका भक्तपुर, काभ्रेपलान्चोक, सिन्धुपाल्चोक, दोलखा, रामेछाप र सिन्धुली जिल्लाका सामुदायिक क्याम्पसहरुका लागि भौतिक सवलिकरण अनुदान प्रदान गरिने भएकोले भौतिक सवलिकरण गर्न आवश्यक भएका क्याम्पसहरूबाट तपशिलका कागजात सहित प्रस्ताव आह्वान गरिएको हुँदा यो सूचना प्रकाशित भएको मितिले **१५ (पन्ध्र)** दिन भित्र प्रस्ताव पेश गर्नुहुन सामुदायिक क्याम्पसका भौतिक सवलिकरण अनुदान सम्बन्धि कार्यविधि २०७८ को अनुसार सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशील**

आवश्यक कागजातहरु :

१. नेपाल सरकारको मान्यता प्राप्त विश्वविद्यालयबाट सामुदायिक क्याम्पसको रुपमा संचालन गर्ने गरी सम्बन्धन प्राप्त भएको हुनु पर्ने।
२. न्युनतम **७५ जना** विद्यार्थी भएको हुनु पर्ने।
३. माग गरिएको पूर्वाधार निर्माण गर्न पुग्ने क्याम्पसको नाममा जग्गाको लालपूर्जा वा आफ्नो नाममा लालपूर्जा नभएको अवस्थामा सम्बन्धित स्थानीय तहबाट भौतिक पूर्वाधार निर्माणका लागि क्याम्पसले उपयोग गर्न पाउने जग्गाको सुनिश्चित गरिएको हुनु पर्ने
४. क्याम्पसले भौतिक सवलिकरण अनुदानको लागि आवेदन दिएको शीर्षकमा चालु आ.व. मा संघ, प्रदेश र स्थानीय तह वा अन्य कुनै निकायबाट अनुदान प्राप्त नगरेको हुनु पर्ने
५. क्याम्पसको नियमावली वा विनियमावली अनुसार संचालक समिति गठन भएको बैठकको प्रमाणित निर्णय प्रति संचालित कार्यक्रम **(Faculty)** को विवरण।
६. **Faculty** गत रुपमा सेमेस्टर वा वर्ष (प्रथम, दोश्रो, तेस्रो र चौथो) मा अध्ययनरत छात्रा / छात्र खुल्ने विद्यार्थी विवरण।
- कुल विद्यार्थी संख्या (छात्रा/छात्र)
- दलित विद्यार्थी संख्या (छात्रा/छात्र)

७. भौतिक सवलिकरण गर्नुपर्ने आवश्यकता पर्नाको औचित्य र कारण सहितको प्रस्ताव।
८. मुख्य कार्यहरु समेटिएको प्रस्ताव।
९. डिजाइन र इस्टिमेट गरिएको भए सो सम्बन्धि कागजातहरु।

पुनश्च : यो सूचना सामाजिक विकास मन्त्रालय, बागमती प्रदेशको वेवसाइट **www.mosd.p3.gov.np** मा समेत हेर्न सकिनेछ।